नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिहदरवार, काठमाडौ ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सं. चलानी नं.

## <u>प्रेस विज्ञप्ति</u>

नेपाल क्रसर तथा खानी उद्योग व्यवसायीहरुले क्रसर तथा खानी उद्योगको नवीकरण सम्बन्धी विभिन्न माग राखी असार १ गतेदेखी गरेको प्रदर्शनप्रति मन्त्रालयको ध्यानाकर्षण भएको छ ।यस सम्बन्धमा मन्त्रालयको समन्वयमा व्यवसायी, गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयका प्रतिनिधि समेतको उपस्थितिमा उद्योगको नवीकरणका विषयमा छलफल भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी नै छ ।

नेपालको संविधान बमोजिम प्राकृतिक स्रोतको बाँडफाँट र उपयोगका साथै निर्माणजन्य सामग्रीको उपयोग र व्यवस्थापनमा देखिएका समस्या सम्वोधन गर्ने प्रयोजनार्थ निर्माणमुखि सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० संसदमा दर्ता भइसकेको छ । उक्त विधेयकमा हालसम्म नवीकरण हुन नसकेका क्रसर उद्योगको नवीकरण सम्बन्धी व्यवस्था गर्नुका साथै निर्माणजन्य सामग्रीको उत्खनन्, व्यवस्थापन र नियमनका लागि कानुनी व्यवस्था समेत गरिएको हुँदा उक्त विधेयक संसदबाट पारित भए पश्चात हाल विद्यमान सबै समस्या सम्वोधन हुने मन्त्रालयको विश्वास छ ।

तसर्थ, उक्त विधेयक संसदबाट छिटो पारित गराउन मन्त्रालयले आवश्यक समन्वय र सहजीकरण गर्ने प्रतिवद्धता व्यक्त गर्दै हालको विरोध प्रदर्शन फिर्ता लिई थप छलफल र सम्वादका लागि नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

०८१/३/२०

अश्विन कुमार पोखरेल

सहायक प्रवक्ता एवम् सूचना अधिकारी

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय